bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष ३९ अंक २१२ | २०७७ पुस ०५ गते आइतबार, नेपाल सम्वत् ११४१ December 20, 2020 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# नियमविपरीत जमिन उत्खनन् गर्दै क्रसर उद्योग, मुकदर्शक बने नियमक निकाय

## पटक पटक नियमविपरितका गतिविधि भएपनि सरोकारवाला निकाय मौन बसेको स्थानीयको आरोप

♦ **राजकुमार आले** (दुलेगौंडा)

खैरेनीटार भीमाद मोटरमार्गमा दिनहुँ सयौं गाडी गुड्छन् । उक्त मार्ग भीमाद हुदैं नवलपुरसम्म जोडिएको छ । पहाडलाई तराईसंग सिधा जोड्ने सहायक मार्गको रूपमा यस सडकलाई लिइन्छ । खैरेनीटार भीमाद मोटरमार्ग अन्तर्गत शुक्लागण्डकी वडा नं. ७, दोभान नजिकै एक्लोवर र चिहानडाँडा भन्ने बस्ति छ । यी बस्ति शिवशिक्ति क्रसर उद्योग संचालन भएको स्थानको माथिल्लो ढिस्कोमा बसेको छ । माथिल्लो ढिस्कोमा मानवबस्ति र राजमार्ग छ । तर तल क्रसर उद्योगले अवैधानिक रूपमा जमिन उत्खनन् गरी सुरूङ जस्तो बनाएको छ । जसका कारण राजमार्ग र मानवबस्ति जोखिममा परेको छ ।

भीमाद नगरपालिका–६ का वडाध्यक्ष श्यामसुन्दर जोशीले सञ्चालन गरेको उक्त क्रसर उद्योग अहिले उनका भतिजा धर्मराज जोशीले व्यवस्थापन पक्ष हेर्दै आएका छन् । जनप्रतिनिधिबाटै पटक पटक नियमविपरितका गतिविधि भइरहेको र सरोकारवाला निकाय पनि मौन रहेको स्थानीयको गुनासो छ ।



शुक्लागण्डकी वडा नं. ७, दोभान नजिकै एक्लोवर र चिहानडाँडा क्षेत्रमा जमिन उत्खनन् गरिदै । *तस्विर : राजकमुार/भञ्ज्याङ*

गत बर्ष पनि उद्योगले सोही स्थानमा अवैधानिक रूपमा ढुङ्गा, गिटी बालुवाको उत्खनन् गरेको थियो । स्थानीको चर्को दबबापछि जिल्ला अनुगमन समितिले कारबाही स्वरूप जरिवाना गराएको थियो । आगामीदिन उक्त स्थानमा जथाभावी उत्खनन् गर्न रोक लगाउँदै अनुगमन समितिले चिन्ह समेत राखेको थियो । राजमार्गतर्फको भित्तालाई चेपेर खन्निएको हुँदा छेउको भाग ढिस्कोको रूपमा बाँकी थियो । जमिनको बीच भागबाट कुनासम्म खनिसकेको हुँदा छेउको ढिस्को खन्नलाई समस्या नरहेको भन्दै नगरपालिकाले नियम अनुसार राजश्व तिर्ने गरी प्राविधिक मार्फत नापजाँच गरी खन्न अनुमति दिएको थियो । तर उद्योगले त्यहि मौकामा नगरले तोकेको भन्दा बढी माल उत्खनन् गरेको बताइएको छ । शुक्रबार विहान करिब ३ बजेदेखि नै धमाधम नियमविपरीत माल झिकेको स्थानीयहरू बताउँछन् । प्राविधिकहरूले ३३ मिटर लम्बाई, ७ मिटर उचाई र ३.५ मिटर चौडाईमा चिन्ह लगाएर खन्नका लागि अनुमति दिइएको ढुङ्गा गिटी बालुवा उत्खनन् समितिका संयोजक कुल बहादुर भुजेलले बताए ।

नगरले नापेर दिएको भन्दा धेरै परिणाम र गहिरो खाल्डो खनेको अवस्था आफुले भेटेको वडाध्यक्ष रामबहादुर क्षेत्री थापाले बताए । स्थानीयबाट खबर पाउन साथ आफु त्यहाँ पुग्दा एउटा स्काभेटर र दुई वटा ट्रिपरले माल झिक्दै र पाँगो माटोले पुर्दै गरेको पनि आफुले प्रत्यक्ष देखेको उनको भनाई छ ।

उनले भने, 'म विहान एक्लै आएँ, यहाँ आउँदा काम भइरहेको थियो । नापेर दिएको भन्दा धेरै गहिरो खाल्डो खनी माल झिक्ने र पाँगो माटोले खाल्डो पुर्ने गरेको रहेछ । दुई वटा ट्रिपरले ल्याएको माटो उता हाल्न दिइन, पाखामा खन्याउन भने । अहिले पनि त्यो माटो त्यहि छ । त्यसपछि स्काभेटर र ट्रिपर भाग्यो । घट्नाबारे मेयर, उपमेयरदेखि प्रशासनसम्म सबैलाई जानकारी गराएको र आफु एक्लै भएकाले पनि नियन्त्रणमा लिन सकिन । प्रतिबन्ध लगाइएको क्षेत्रमा बर्षेनी अवैध रूपमा उत्खनन् गर्ने प्रवृत्ति उद्योगको दादागिरी भएको छ । गलत काम गर्नेलाई कडा कारबाही हुनुपर्छ ।'

स्थानीय वासीले भने उद्योगी, प्रशासन र जनप्रतिनिधीहरूकै मिलोमतोमा उत्खनन् भइरहेको आशंका गरेका छन् । एकातिर जनप्रतिनिधीले रोके जस्तो गर्ने र अर्कोतिर प्रहरी प्रशासनले हस्तक्षेप गरेजस्तो देखिने तर रातारात माल

बाँकी अन्तिम पेजमा










# धार्मिक स्थलहरू खुल्न थाले

## छाब्दी बाराही मन्दिरमा भक्तजनको भिड बढ्यो

♦ **निशा थापा मगर** (दमौली)

कोरोना संक्रमण त्रासका कारण बन्द भएका तनहुँका धार्मिक स्थलहरू क्रमशः खुला गर्दै लगिएको छ । देवघाट धाम बाहेक जिल्लाका अन्य धार्मिक स्थल तथा शक्तिपीठहरूमा क्षमापुजा गरी भक्तजनका लागि खुला गर्न थालिएको छ । धार्मिक आस्था र विश्वासले भरिपूर्ण तनहुँको ढोरबाराही, अकला, थानीमाई, छाब्दी बाराही लगायतका मन्दिर तथा शक्तिपीठहरू अहिले



तनहुँको व्यास–१४ स्थित छाब्दी बाराही मन्दिरमा शनिबार पूजाअर्चना तथा दर्शनका लागि आएका भक्तजनहरू । *तस्विर : निशा/भञ्ज्याङ*

सर्वसाधारणका लागि खुला गरी नियमित पूजाअर्चनका कार्यक्रम सुरू गरिएको छ । लामो समयको बन्दाबन्दीमा निमपुजा मात्रै चलाउँदा आर्थिक संकटसमेत झेलेका मन्दिर व्यवस्थापन समितिहरूले अहिले स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरी नियमित पूजाअर्चनका कार्यक्रमलाई अगाडि बढाएका छन् ।

विशेष गरी अहिले तनहुँको व्यास नगरपालिकाको वडा नं. १२ र १४ मा पर्ने छाब्दी बाराही मन्दिरमा भक्तजनहरूको ओहिरो लागेको छ । कोरोना कहरकै बीच पनि भक्तजनहरू रातीदेखि आएर मन्दिरको गेटमा लाम्बद्ध भएर बस्न थालेपछि अहिले सबैका लागि मन्दिर खुला गरी नियमित पूजा कार्यक्रम अगाडि बढाइएको छाब्दी बाराही मन्दिर व्यवस्थापन समितिका अध्यक्ष थान बहादुर थापाले बताए ।

'कोरोना त्रासका कारण भक्तजनलाई आउन रोक लगाइएपनि मन्दिरमा समिति र स्थानीय टोल विकास समितिका पहलमा नियमित बलि दिएर निम पुजा गर्दै आएका थियौं । यसरी पुजा गर्दा समितिले आर्थिक संकट समेत झेल्नुपर्‍यो', अध्यक्ष थापाले भने, 'मन्दिर खुलाउन सहज अवस्था नभएकाले बिहानै समितिले पुजा गर्ने गरेपनि भक्तजनहरू रातीदेखिनै मन्दिरको गेटमा आएर बस्ने गर्नुहुन्थ्यो, स्थानीय पालिका र प्रशासनले मन्दिर खोल्न अनुमति नदिएपनि मन्दिरमा आइपुगेका भक्तजनलाई त्यति फर्काउन पनि सकिदैन थियो । त्यसैले स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरी तिहार पर्व लगत्तै भक्तजनका लागि मन्दिर खुला गरी सहज व्यवस्थापन गर्दै आइएको छ ।'

यस्तै, मन्दिर खुला गरिएपछि

बाँकी दोश्रो पेजमा

# सवारी चालक तामाङलाई संगठनको आर्थिक सहयोग

♦ **भञ्ज्याङ समाचारदाता** (डुम्रे)

प्रकृतिक रोगका कारण अशक्त भएका सवारी चालक बुद्धि बहादुर तामाङलाई आर्थिक सहयोग गरिएको छ । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन डुम्रे



बेसीसहर इकाइले तामाङको उपचारका लागि आर्थिक सहयोग गरेको हो । बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापा मार्फत इकाइले लामो समयदेखि प्रकृतिक रोगका कारण अशक्त भएर उपचाररत तामाङलाई उनका दाजु सन्तविर तामाङ्लाई नगद २ लाख ४७ हजार ५ सय रूपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश इन्चार्ज कर्णसिं गुरूङ, गण्डकी प्रदेशका अध्यक्ष विष्णु बहादुर खत्री, नेपाल ट्रेड युनियन महासंघ गण्डकी प्रदेशका अध्यक्ष निरज श्रेष्ठ, इलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेका इन्चार्ज प्रकाश भुसाल, पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रालिका सल्लाहाकार घनश्याम श्रेष्ठ, क्षेत्रीय संयोजक सुरेन्द्र पुन, तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष मानकाजी श्रेष्ठ, स्थानीय जीवन कायस्थ, पूर्व अध्यक्ष भीम लामा, विकास धिताल, पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रालि डुम्रेका प्रमुख रामकृष्ण खनाल लगायतले यातायात व्यवसायी तथा यातायात मजदुरहरूको समस्यामा यो सहयोग उदहारणीय भएको बताए ।

# डब्लुएचओमा सूचीकृत नभए पनि कोभिड-१९ विरूद्धको खोप नेपाल आउने

♦ शरद शर्मा

सरकारले कोरोना भाइरसविरूद्धको खोप विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) मा सूचीकृत नभए पनि यहाँका नागरिकलाई प्रयोगमा ल्याउन पाउने भएको छ । खोपसम्बन्धी चारवटा मापदण्डमध्ये दुई पूरा भएपछि खोपको स्वीकृति डब्लुएचओले नदिए पनि सरकारले यहाँका नागरिकलाई कोभिड-१९ विरूद्धको खोप लगाउनका लागि ल्याउन पाउने भएको हो । पहिलो कोभिड-१९ विरूद्धको खोप डब्लुएचओमा सूचीकृत हुनुपर्ने, दोस्रो डब्लुएचओमा आकस्मिक प्रयोगका लागि सूचीकृत हुनुपर्ने, तेस्रो खोप उत्पादन गरेका मुलुकको नियमनकारी निकायमा दर्ता हुनुपर्नाका साथै त्यहाँका नागरिकलाई खोप लगाइएको हुनुपर्ने र चौथो नेपालको औषधि विभागमा दर्ता हुनुपर्ने व्यवस्था छ ।

अहिले कोभिड-१९ विरूद्धको खोप उत्पादन गरेका मुलुकको नियमनकारी (रूस) तथा 'साइनोभ्याक्स' (चीन) का खोप अहिले अन्तिम परीक्षणमा छन् । खोप शाखाका निर्देशक डा गौतमका अनुसार अहिले फाइजर र मोडेर्ना कम्पनीका खोप मात्र उत्पादन गरेका मुलुकमा दर्ता भई त्यहाँका नागरिकले लगाएका छन् । दुवै अमेरिकी कम्पनी हुन्। फाइजर कम्पनी अमेरिका र बेलायत दुवै देशमा दर्ता भएको छ । अक्सफोर्ड-एस्ट्राजेनेका (बेलायत), 'स्पुतनिक-भी' र ग्यामेलिया (रूस) तथा 'साइनोभ्याक्स' (चीन) का कम्पनी अन्तिम परीक्षणको रूपमा रहेका छन् ।

"सम्बन्धित देशमा दर्ता र नागरिकलाई लगाएका खोप डब्लुएचओमा सूचीकृत नभए पनि हालै जारी गरिएको औषधि ऐन-२०३५ अध्यादेशअनुसार नेपालमा दर्ता गर्न सकिन्छ", उहाँले भन्नुभयो, "डब्लुएचओमा सूचीकृत नभई यसरी




निकायमा दर्ता भएको, त्यहाँका नागरिकलाई खोप लगाइएको हुनुपर्ने र औषधि विभागमा दर्ता भएपछि नेपालमा ल्याएर लगाउन मिल्ने छ। सरकारले डब्लुएचओमा सूचीकृत नभए पनि आकस्मिक अवस्थामा औषधि तथा खोप दर्ता व्यवस्थाका लागि औषधि ऐन-२०३५ अध्यादेशमार्फत संशोधन गरी जारी गरेको छ । स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका निर्देशक डा झलक शर्मा गौतमले सोही अध्यादेशअनुसार कोभिड-१९ विरूद्धको खोप डब्लुएचओले सूचीकृत नगरे पनि नेपालमा ल्याएर नागरिकलाई दिन सकिने बताउनुभयो । अहिलेसम्म डब्लुएचओले कोभिड-१९ विरूद्ध बनेका कुनै पनि खोपलाई सूचीकृत र आकस्मिक प्रयोगका लागि सूचीकृत गरेको छैन । त्यही भएर नेपालले कोभिड-१९ विरूद्ध उत्पादन गरेको मुलुकको नियमनकारी निकायमा दर्ता र त्यहाँका नागरिकलाई लगाएको आधार तथा नेपालको औषधि व्यवस्था विभागमा दर्ता भएको अवस्थामा यहाँका नागरिकलाई खोप दिनेछ ।

अहिले कोभिड-१९ विरूद्धको खोप फाइजर एण्ड बायोएनटेक, मोडेर्ना (अमेरिका), अक्सफोर्ड-एस्ट्राजेनेका (बेलायत), 'स्पुतनिक-भी' र ग्यामेलिया नेपालमा दर्ता भएपछि यहाँका नागरिकलाई लगाउन सकिन्छ ।"

अक्सफोर्ड-एस्ट्राजेनेका कम्पनीले बनाएको खोप दुईदेखि आठ डिग्री सेल्सियसमा राख्न सकिने भएकाले उपयुक्त हुन्छ । माइनस २० डिग्री सेल्सियस तापक्रममा रहने मोडेर्नालाई पनि एक महिनासम्म दुईदेखि आठ डिग्री सेल्सियसमा राखेर प्रयोगमा ल्याउन सकिने शाखाका निर्देशक डा गौतमको भनाइ छ। उहाँले अहिले तत्काल नेपालका लागि अक्सफोर्ड-एस्ट्राजेनेका र मोडेर्ना कम्पनीका खोप मात्र उपयुक्त रहेको बताउनुभयो ।

**भण्डारण क्षमता बढ्दै**

खोप शाखाले 'कोभ्याक्स सुविधा' मार्फत ल्याउन खोपको भण्डारणका लागि तयारी थालेको छ । शाखाका निर्देशक डा गौतमका अनुसार अहिले एक लाख ९० हजार लिटर क्षमता राख्न सकिने भण्डारण रहेको बताउनुभयो । "अहिले हामीसँग पहिलो चरणका तीन प्रतिशत जनसङ्ख्यालाई लगाउने खोपको भण्डारण क्षमता रहेको छ", उहाँले भन्नुभयो, "चाँडै नै २० प्रतिशत जनसंख्यालाई पुऱ्याउने खोप भण्डारण क्षमता बढाउने तयारीमा रहेका छौं ।" कोभ्याक्स सुविधामार्फत कूल जनसंख्याको २० प्रतिशतलाई पुग्ने खोप ल्याउने तयारीमा सरकार रहेको छ । रासस




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल, दमौली, - ५६०१०२ | एम्बुलेन्स युवा क्लव भिमाद ९८१६११९१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१९११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# दाजुभाइको लोभलाग्दो कृषि कर्म

♦ रामबहादुर थापा

जापान जाने सपना तुहिएपछि सम्मर र ज्ञान खत्रीको जीवनले चार वर्षअघि एकाएक नयाँ मोड लियो । पाँच वर्ष मलेशियामा बिताएर घर फर्केका खत्री दाजुभाइ रोजगारीका लागि अझ राम्रो देश जान चाहन्थे । जिन्दगी सोचेजस्तै कहाँ छ र? जापानका लागि बन्ने लागेको काम अन्तिममा आएर बिग्रियो । काठमाडौँ धाउँदाको सास्ती र खर्च उस्तै। पटकपटकको प्रयास बिफल भएपछि खत्री दाजुभाइले विदेशको मोह सधैँका लागि त्यागे । गाउँ फर्केपछि बिनाइलम बस्न मनले मानेन। दुई भाइ मिलेर नयाँ अठोट लिए-गाउँमै केही गर्ने, स्वरोजगार बन्ने । गलकोट नगरपालिका-१ दुदिलाभाटीका खत्री दाजुभाइको चिनारी अहिले सफल उद्यमीका रूपमा छ । "विदेशको रहर नभएको होइन, कोशिस पनि गरियो, उताको काम नभएपछि कृषितिर लाग्यौँ", ३० वर्षीय ज्ञानले भन्नुभयो । जापानको चक्करमा पैसा पनि डुबेको उहाँले सुनाउनुभयो । विदेशको जति कमाइ नभए पनि कृषि व्यवसायबाट आफूहरू सन्तुष्ट रहेको ज्ञानले बताउनुभयो ।

'खत्री कृषि तथा पशुपालन फार्म'ले उहाँहरूलाई आत्मनिर्भर मात्र बनाएको छैन, इज्जत पनि दिलाएको छ । भाटी बजार नजिकै काउलेमा सञ्चालित फार्ममा झण्डै रु ३० लाख लगानी भएको ज्ञानका दाजु ३५ वर्षीय सम्मरले बताउनुभयो । पच्चीस रोपनी क्षेत्रफलमा रहेको फार्ममा तरकारी खेती, कुखुरा र माछापालन गरिएको छ। फार्मको उत्पादनबाट मासिक रु डेढ लाख बढी कमाइ हुने गरेको सम्मरको भनाइ छ। फार्ममा लेयर्स जातका २५ सय कुखुरा छन् । कुखुराले दैनिक एक हजार अण्डा दिन्छन् । एउटा अण्डा फुटकर रु १५ र थोकमा रु साढे १२ मा बिक्री हुन्छ ।

यस्तै कमन, ग्राफ, राहु, असलालगायत माछापालन गरिएको छ । अहिले दश हजार माछाका भुरा पोखरीमा हुर्किरहेका छन् । तरकारी बालीतर्फ मौसमअनुसारको खेती हुन्छ । तीन वटा पूर्ण बन्द प्लाष्टिक घर (टनेल) मा गोलभैँडा, बन्दा, काउली, सिमी, भेण्टा, साग, काँक्रालगायत उत्पादन हुने सम्मरले बताउनुभयो ।

"नर्सरी बनाएर प्याज, काउलीका बिरूवा पनि बेच्छौँ", उहाँले भन्नुभयो, "उब्जाउ माटो र सिँचाइको पनि सुविधा भएकाले तरकारी राम्रो फल्छ ।" फार्मको सबै उत्पादन गलकोटकै हटियालगायतका बजार क्षेत्रमा खपत हुन्छ । उत्पादन दिन सके बजारको कुनै अभाव छैन । तरकारी खेती थप विस्तार गर्ने योजनामा खत्री दाजुभाइ छन् ।

फार्मको जग्गा आफ्नै मामाको भएकाले नियमित भाडा तिर्नु पर्दैन । छेवैमा रहेको गौँदीखोलाबाट बाह्रैमास सिँचाइ पुग्छ। नजिकैबाट पुष्पलाल मध्यपहाडी लोकमार्ग गएकाले उत्पादनलाई बजार पुऱ्याउन सहज छ । ठाउँको छनोट, संरचना र व्यवस्थापनका दृष्टिबाट पनि फार्म नमूनायोग्य छ । फार्ममा दुई जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । आवश्यक पर्दा दैनिक ज्यालादारीमा थप कामदार राख्ने गरिएको सम्मरले बताउनुभयो । ऋणधन गरेर फार्ममा लगानी गरिए पनि राज्यका निकायबाट यथोचित सहयोग पाउन नसकेको उहाँको गुनासो छ ।

गत आवमा नमूना कुखुरा फार्मका लागि गण्डकी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले रु दुई लाख ५० हजार अनुदान उपलब्ध गराएको थियो । यस्तै खोर सुधारका लागि गलकोट नगरपालिकाले रु ३५ हजार बजेट दिएको सम्मरले बताउनुभयो । वडामार्फत माछापालनका लागि दुई पटक गरी रु ४० हजार बजेट आएको उहाँको भनाइ छ ।

अनुदान सहयोग बढेमा कृषिमा थप लगानी गर्न खत्री दाजुभाइ तयार छन् ।



मुख्यमन्त्री वातावरणमैत्री नमूना गाउँको आर्थिक सहयोगमा कास्की जिल्लाको मादी गाउँपालिका-११ तोगीमा निर्माण गरिएको टनेल भित्र लटरम्म फलेको गोलभेडा । *तस्विर : हरि बास्तोला/रासस*

"कृषिमै भविष्य देखेर लागेका छौं, अझै धेरै गर्नुपर्ने छ", ज्ञानले भन्नुभयो, "आफ्नै ठाउँमा, घर परिवारसँग खुशीसाथ बसेर काम गर्न पाउनु नै हाम्रो खुसी, सन्तुष्टि हो ।" उहाँले अरूको देशमा खर्चने श्रम र पसिना आफ्नै माटोमा सिञ्चित गर्न पाउँदा गौरव लाग्ने गरेको सुनाउनुभयो ।

फार्मको छेउछाउ बाँझो पल्टिएको जग्गामा अलैँचीखेतीसमेत गरिएको सम्मरले बताउनुभयो । उहाँका अनुसार फार्मबाटै माछामासु बेच्ने प्रबन्ध पनि मिलाइएको छ । खत्री दाजुभाइको लगन र मेहनत देखेर छिमेकी दङ्ग पर्छन्, फार्म हेर्न आउने आगन्तुकले प्रशंसा गर्छन् । दाजुभाइ नै काममा उत्तिकै खट्छन् । "दुई भाइ नै विवाहित छौं, घरपरिवारबाट पनि व्यवसायमा ठूलो साथ, सहयोग छ", सम्मरले भन्नुभयो । रासस

# धार्मिक स्थलहरू खुल्न .........

भक्तजनको पनि चहलपहल बढ्न थालेको छ । मन्दिरसंग आश्रीत भई व्यापार व्यवसाय गर्नेहरूले पनि राहतको महशुस गर्न थालेको छाब्दीमा फूल प्रसादको व्यवसायी गर्दै आएकी दिलमाया मगरले बताइन् । उनले भनिन्, 'मन्दिर बन्द हुँदा व्यापार व्यवसाय समेत बन्द भयो, व्यापार बन्द हुँदा ऋण लागेको छ । अब डराएर होइन स्वास्थ्य सावधानी अपनाएर सबै क्षेत्र खुला पर्दछ ।'

छाब्दी बाराही मन्दिरमा श्रावण महिना, औंसी र एकादशी तिथि बाहेक अन्य दिन नियमित पूजा अर्चना गरिन्छ । व्यास पराशर ऋषिसंग जोडिएको यो मन्दिरमा विशेष गरी सार्वजनिक बिदाको दिन भक्तजनहरूको भिडभाड हुने मन्दिरका मुल पुजारी प्रेम आलेले बताए । मनोकांक्षा पुरा हुने र आफुलाई समस्या पर्दा छाब्दी बाराही देवीको पूजाअर्चना तथा सम्फना गरे त्यो पुरा हुने जनविश्वास रहेको मन्दिर दर्शन गर्न चितवनबाट आएकी भक्तजन नानुमाया भुर्तेलले बताइन्।

यस्तै, भक्तजनको आस्थाको केन्द्रका रूपमा विकास हुँदै गएको छाब्दी बाराही मन्दिर क्षेत्र भने पछिल्लो समय अव्यवस्थित बन्दै गएको छ । भक्तजनको भिडभाड भएको समय सवारी साधान पार्किङ्गको समस्या, पूजा सामाग्रि बिक्री वितरणमा मनपर्दी मूल्य, दमौलीबाट मन्दिरसम्म जने भक्तजनहरूलाई यातायात व्यवसायीले लिने भाडा दर एकरूपता नहुँनु लगायतका समस्या रहेको व्यास-१२ का रोशन कंडेल बताउँछन्।

'धार्मिक आस्था र विश्वासले भरिपूर्ण मठमन्दिर तथा शक्तिपीठहरूलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सम्बन्धित स्थानीय सरकार तथा व्यवस्थापन समितिले आवश्यक पूर्वाधार विकास र व्यवस्थापनमा विशेष ध्यानदिनु पर्दछ', उनले भने, 'यस्ता क्षेत्रलाई व्यवस्थित बनाउन सकियो भने भक्तजन तथा पर्यटकको संख्या वृद्धि हुन गई सम्बन्धित पालिका तथा स्थानीय बासिन्दाले नै लाभ लिन पाउने हुँदा यस तर्फ ध्यान पुऱ्यो ।'

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,वे,वो)
मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**सिंह** (मा,मी,मु,मे,मो,टा,टी,टु,टे)
चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । कर्मयोगले भविष्यको बाटो समाउनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**वृश्चिक** (तो,ना,नी,नु,ने,नो,या,यी,यू)
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरूका लागि बुद्धि खर्चनुपर्ला । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
लगनशीलताले मात्र परिस्थितिलाई बदल्न सक्छ । शुभचिन्तकहरूले राम्रो साथ दिनेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

# वासिंटनमा मार्च ३१ सम्म स्वास्थ्य संकटकाल

♦ **रासस/एएनआई** (वासिंटन)

अमेरिकाको वासिङ्टन डिसीमा स्वास्थ्य संकटकालको समयावधि लम्ब्याइएको छ। स्वास्थ्य संकटकाल आगामी मार्च ३१ सम्मका लागि कायमै राख्ने निर्णय भएको मेयरको कार्यालयले जनाएको छ । "आज मेयर मुरिएल बोसेरले एउटा आदेश जारी गर्दै कतिपय गतिविधिमा प्रतिवन्ध लगाउनु भएको छ," कार्यालयका एक अधिकारीले भने ।

स्वास्थ्य संकटकाल लगाइएको बारेमा सरकारी अधिकारीले शुक्रबार बेलुका जानकारी दिएका हुन् । विषेश गरेर क्रिसमस र नयाँ बर्ष मनाउनका लागि धेरै भीडभाड तथा चहलपहल हुने र त्यही क्रममा कोरोनाभाइरसको सङ्क्रमण थप फैलिने खतरा देखिएकाले सङ्कटकाल लम्ब्याइएको उनीहरूको भनाइ छ । विश्व स्वास्थ्य संगठनले गत बर्षको मार्च ११ तारिखमा कोरोनाभाइरसको असरलाई महामारी घोषणा गरेको थियो । कोरोनाभाइरसका कारण विश्वभरी अहिलेसम्म सात करोड ५६ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् भने १६ लाख ७० हजारभन्दा बढीको मृत्यु भएको छ । ती मध्ये सबैभन्दा धेरै अमेरिकामा मात्रै तीन लाख १३ हजारभन्दा बढीको मृत्यु भएको र एक करोड ७४ लाखभन्दा बढी सङ्क्रमित भएको अधिकारीले जनाएका छन् ।

## प्रशिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७७/०९/०३*

शुक्लागण्डकी नगरपालिकाको कार्यालय तनहुँको च.नं. १२२० मिति २०७७/०९/०३ को प्राप्त अनुमतिपत्र अनुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीमा एक जना **बाली विज्ञान** विषय **प्रशिक्षक** र निम्न माध्यमिक तह तृतीय श्रेणीमा दुई जना **बाली विज्ञान** विषय **सहायक प्रशिक्षक करार**मा नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**विज्ञापन नं.** : २/२०७७/०७८

**१) पद** : प्रशिक्षक, माध्यमिक तह तृतीय श्रेणी (करार)

- **क) विषय** : बाली विज्ञान
- **ख) आवश्यक संख्या** : १ (एक) जना
- **ग) शैक्षिक योग्यता** : बाली विज्ञानमा स्नातक तह उत्तीर्ण
- **घ) दरखास्त शुल्क** : २,०००/- (दुई हजार रूपैयाँ)

**विज्ञापन नं.** : ३/२०७७/०७८

**२) पद** : सहायक प्रशिक्षक, निम्न माध्यमिक तह तृतीय श्रेणी (करार)

- **क) विषय** : बाली विज्ञान
- **ख) आवश्यक संख्या** : २ (दुई) जना
- **ग) शैक्षिक योग्यता** : बाली विज्ञान विषयमा ३ वर्षे डिप्लोमा वा सो सरह उत्तीर्ण ।
- **ग) दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)

**३) तलव** : नेपाल सरकारले तोके बमोजिम ।
**४) उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**५) आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, निरोगिताको प्रमाणपत्र, हस्त लिखित दरखास्त एक प्रति ।
**६) परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता, आवश्यक परेमा प्रयोगात्मक।
**७) दरखास्त दिने अन्तिम मिति** : २०७७/०९/१७ गतेसम्म ।
**८) सम्पर्क मिति** : २०७७/०९/१७ गते (विद्यालय समय भित्र)।
**९) परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : माथिल्लो योग्यता र अनुभविलाई विशेष प्राथमिकता दिइने छ।

**प्रधानाध्यापक**

### श्री गाउँफर्कोदय माध्यमिक विद्यालय

शुक्लागण्डकी-८, तनहुँ ।
**सम्पर्क** : ०६५-४११०८९, ९८४६०६०३२३, ९८४६०६०३१३, ९८५६०६२४६३

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७७/०९/०३*

शुक्लागण्डकी नगरपालिकाको कार्यालय तनहुँको च.नं. १२१८ र १२१९ मिति २०७७/०९/०२ को प्राप्त अनुमतिपत्र अनुसार यस विद्यालयमा एक जना **विद्यालय सहायक (लेखापाल)** र माध्यमिक तह तृतीय श्रेणीमा एक जना **लेखा** विषय शिक्षक **करार**मा नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**१) पद** : विद्यालय सहायक लेखापाल (अनुदान, करार)

- **क) आवश्यक संख्या** : १ (एक) जना
- **ख) शैक्षिक योग्यता** : सम्बन्धित विषयमा +२ वा सो सरह उत्तीर्ण।
- **ग) दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)

**२) पद** : विद्यालय सहायक लेखापाल (करार)

- **क) आवश्यक संख्या** : १ (एक) जना
- **ख) शैक्षिक योग्यता** : सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण
- **ग) दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)

**३) तलव** : नेपाल सरकारले तोके बमोजिम ।
**४) उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**५) आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्बन्धित तहको शिक्षण अनुमति पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
**६) परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता, आवश्यक परे प्रयोगात्मक।
**७) दरखास्त दिने अन्तिम मिति** : २०७७/०९/१७ गतेसम्म ।
**८) सम्पर्क मिति** : २०७७/०९/१७ गते (विद्यालय समय भित्र)।
**९) परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : माथिल्लो योग्यता र अनुभविलाई विशेष प्राथमिकता दिइने छ।

**प्रधानाध्यापक**

### श्री जनकल्याण माध्यमिक विद्यालय

शुक्लागण्डकी-५, वेलचौतरा, तनहुँ ।
**सम्पर्क** : ०६५-५७०१००, ९८४६१०३९१७, ९८४६२६९९२२

'विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर'

### व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

व्यास नगरपालिका क्षेत्र भित्र बिगतदेखि अव्यवस्थित रूपमा संचालनमा रहेका **स्लेट ढुङ्गा उत्खनन् तथा सो सम्बन्धी संचालित कटिङ उद्योग**हरूलाई व्यवस्थित रूपबाट संचालन गर्ने व्यास न.पा.को नीति अनुसार यस नगरपालिकाले **'व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग संचालन कार्यविधि २०७७'** तय गरी लागु गरेको व्यहोरा बिदितै छ । सो सम्बन्धमा नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७७ कार्तिक १७ गते बसेको बैठकको निर्णय बमोजिम मापदण्डको प्रक्रिया पुरा गरी दर्ता हुन आउने समयावधि २०७७ साल पौष १७ गतेसम्म तोकिएको हुँदा आवश्यक मापदण्ड पुरा गरी निर्धारित समय भित्र अनिवार्य रूपमा दर्ता हुन आउन जानकारिका लागि अनुरोध छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

### आदिकवि भानुभक्त क्याम्पस

विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त
व्यास-१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५-५६००९६

## BBA प्रवेश परीक्षा CMAT को तयारी कक्षामा भर्ना सम्बन्धी सूचना

यस क्याम्पसमा **Bachelor of Business Administration** बी.बी.ए.मा नयाँ भर्ना हुन चाहने **कक्षा १२** को परीक्षा दिएर बसेका विद्यार्थीहरूका लागि **CMAT** तयारी कक्षा **मिति २०७७ पौष ०५ गते**बाट सञ्चालन हुने हुँदा इच्छुक विद्यार्थीहरूले समयमा नै भर्ना गरी आफ्नो सिट सुरक्षित राख्नका लागि सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**थप जानकारीका लागि** : आदिकवि भानुभक्त क्याम्पसमा सम्पर्क राख्नुहोला
**सम्पर्क फोन नम्बर** : ०६५-५९००९६, ०६५५६३९४६, ९८४६२४३४१०, ९८५६०७९८५८, ९८४६२७४३४०

**क्याम्पस प्रमुख**

## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

### यही पुस ११ गते शनिबार

१) काठमाडौं वीर अस्पताल ट्रमासेन्टर र हाल पोखरा गण्डकी अस्पतालका वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. झपिन्द्र पोखेल**द्वारा हात खुट्टाको जोर्नी दुख्ने, सुनिने, झम्झमाउने, हिड्डुल गर्न नसक्ने, निहुरिना नसक्ने, घुडा दुख्ने, सुनिने, खुम्चाउन नहुने, बसेर उठन नसक्ने, ढाड दुख्ने, ढाडको नशा च्यापिने, हाड खिइने, घाटीको नशा दुख्ने, पाखुरा, कुहिनो, पैताला, गोली गाठा र कुर्कुच्चा दुख्ने, जोर्नीहरू सुनिने, बाथ हुने, रगतमा Uric Acid बढने, टाउको दुख्ने, मन आतिने, निन्द्र नपर्ने आदि समस्या भएमा तुरून्त सम्पर्क राखी सेवा लिनु होला।

### समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।

**हाम्रा उपलब्ध सेवाहरू** :

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

### मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## कोरोना भाइरस (कोभिड-१९) का विषयमा सर्वसाधारणको लागि जनचेतनामुलक सन्देश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु




### नोवेल कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?




नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखमा, स्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

### कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु

१. सिनेमाहल २. अस्पताल ३. विद्यालय, कलेज
४. सपिङ मल ५. सार्वजनिक यातायात ६. वृद्धाश्रम
७. व्यस्त गल्ली ८. सभा, जुलुस भएका स्थान
९. होटेल रेष्टुरॉं १०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमा नजाऔं ,जान परे मा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछी घर वाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा , बैठक कोठामा जाने गरौं ।

### कसरी सर्छ कोरोना भाइरस

१ खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३ राम्रोसँग नपाकेको माछा तथा पशुपंछीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोवेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यस भाइरले सामान्य रुघाखोकी देखी गम्भीर प्रकारको तीव्र स्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखीममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्नआम जनसमुदायमहरुमा हार्दिक हनुरोध गर्दछौं ।

### भिमाद नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
भिमाद, तनहुँ ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily @bhanjyangdaily News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com



**कौरा नृत्य प्रशिक्षण :** तनहुँको भिमाद नगरपालिका–९ पाथर्दीमा आयोजित कौरा नृत्य प्रशिक्षण तथा पुनःताजगी कार्यक्रममा नृत्य गर्दै युवतीहरू। पाथर्दी सामुदायिक होमस्टे सांस्कृतिक विभागले आयोजना गरेको दुई दिने प्रशिक्षण तथा पुनःताजगी कार्यक्रममा नृत्य प्रशिक्षक एवं निर्देशक सरजन थापा मगरले सहजिकरण गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# बन्दिपुरमा शिक्षाको अधिकार सम्बन्धी अन्तरक्रिया

♦ **भञ्ज्याङ समाचारदाता** (डुम्रे)

शिक्षाको अधिकार सम्बन्धमा सरोकारवालाहरू बीच अन्तरक्रिया गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तनहुँ बन्दिपुर–१ डुम्रे स्थित सिकेविके क्याम्पसमा गाउँपालिकाले चालु आर्थिक वर्षमा सन्चालन गरेको शिक्षा सम्बन्धी कार्यत्रम र गाउँपालिकाको शिक्षाको नीति तथा शैक्षिक अवस्थाको बारेमा सरोकारवालाहरूलाई जानकारी दिने र सुझाव संकलन गर्ने उद्देश्यले उक्त कार्यक्रम गरेको बताइएको छ । कार्यक्रममा बोल्दै बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको शिक्षालाई गाउँपालिकाले पनि निकै प्रथामिकतामा राखेको बताए। शिक्षालाई प्राथमिकतामा राखी गुरूयोजना बनाईएको भन्दै अध्यक्ष थापाले मातृभाषाबाट पनि शिक्षा लिन पाउने वातावरण बनाईएको बताए ।

शिक्षाको मुख्य जग प्राथामिक र आधारभुत तहको शिक्षा भएको हुँदा सबै प्रावि तहमा मन्टेश्वरी विधीको शिक्षा तथा धुलो रहित कक्षा कोठा तथा आधारभुत तहमा पूर्ण दरबन्दी तथा सुचना प्रविधिको पढाई सुरू एवं माध्यमिक तहमा सामुदायिक विद्यालयमा विद्यार्थीलाई आकर्षित गर्न आवासिय र बसको व्यवस्थापन सुरू गरिएको अध्यक्ष थापाले बताए। सबै विद्यालयमा स्वच्छ खानेपानी, सफा शौचालय तथा विद्यालयसम्म पुग्ने सडकको स्तरोन्नती पनि सुरू गरिएको अध्यक्ष थापा सहभागिलाई जानकारी गराए।

वडा नम्बर १ का अध्यक्ष भानुभक्त पोखेलले अहिलेसम्म राज्यको नीतिको कारण शिक्षामा सुधार हुन नसकेको भन्दै अव स्थानीय तहले प्राविधिक शिक्षालाई जोड दिने खालको नीति ल्याउनु पर्ने बताए । व्यवहारिक ज्ञान, नैतिक शिक्षा र मातृभाषालाई संरक्षण गर्ने खालको नीति ल्याउनु पर्ने भन्दै वडा अध्यक्ष पोखेलले त्यसखाले नीति बनाउन आफ्नो तर्फबाट सक्दो सहयोग हुने बताए।



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गन्डकी प्रदेश कमिटीकी सदस्य गिता शाहीले गुणस्तरीय र व्यवहारिक शिक्षा अहिलेको सबैभन्दा महत्वपूर्ण आवश्यकता भएको भन्दै राज्य पनि यस प्रति जिम्मेबार बन्न थालेको बताईन् ।

कार्यपालिका सदस्य सावित्री दुवाडले शिक्षा बिना सबै कुराहरू ओझेलमा पर्ने हुँदा शिक्षालाई नै प्राथमिकतामा राखी योजनाहरू बनाउनु पर्ने बताईन् । गाउँपालिकाकी महिला तथा बालबालिका शाखाकी प्रमुख कविता पौडेलले बालमनोविज्ञानलाई आधार मानेर शिक्षण शिकाई क्रियाकलाप गर्नु पर्ने बताईन् ।

पवित्रा माविका प्रधानाध्यापक रघुनाथ पण्डितको अध्यक्षतामा आयोजित कार्यक्रममा सिकेविके क्याम्पसका प्रमुख माधव पण्डित, पवित्रा मावि व्यवस्थापन समितिका सदस्य कुलेन्द्र गौतम, वडा सदस्य अमृत शाही, बाल अधिकार चेतना समुह पवित्रा माविका अध्यक्ष नासिर हुसेन, विष्णु माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण अधिकारी लगायतले शिक्षाको महत्वका विषयमा आ–आफ्ना विचार व्यक्त गरेका थिए भने कार्यक्रमको सहजिकरण इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराईले गरेका थिए।

# नियमविपरीत जमिन उत्खनन् ..........

चोरी हुने गरेकाले सरोकारवालाहरूकै मिलोमतो भएको स्थानीय जीवन सागर बताउँछन्। उनले भने, 'राताराात माल चोरी हुने घट्ना पटक पटक भइरहेको छ, हामीले त जनप्रतिनिधि र प्रशासनलाई गुहार्ने हो, अनि जनप्रतिनिधिले रोके झैं गर्ने, प्रहरीले हस्तक्षेप गरेजस्तो गर्ने तर रातरात माल चोरी हुने गरेको छ ।'

त्यस्तै अर्का स्थानीय युवा विमल केसीले गत वर्ष कारबाही गरी उत्खनन् गर्न रोकेको ठाउँमा फेरी नगरपालिकाले कुन हिसाबले अनुमति दिएको हो आफुहरूलाई जवाफ चाहिने बताए । उनले भने, 'राजमार्ग र बस्ती नै जोखिममा पर्ने गरी उत्खनन् गर्दा पनि सम्बन्धित निकाय मौन छ । नगरपालिकले नै कारबाही गरी पहिला रोकेको ठाउँमा फेरि के हिसाबले उत्खनन् गर्न दिइयो ? हामीलाई फिल्डमै जवाफ चाँहिन्छ। राजमार्ग र वस्ती नै जोखिममा परेको छ, तर स्थानीय सरकार मौन छ ।'

यता शुक्लागण्डकी नगरपालिकाका मेयर किसान गुरूङले विधिको पालना सबैले गर्नुपर्ने बताए । नीति, नियम र विधि भन्दा माथि गएर कसैले काम गर्छ भने उसलाई राज्यको अन्य सेवासुविधाबाट समेत बञ्चित गराउनु पर्ने उनको भनाई छ । एक माना खाउ भनेर दिएको छ, नौ माना छुट्टै निकाल्न खोज्छ, यस्तो तरिकाले हुन्छ ? नीति विधि सबैले मान्नुपर्छ, चाहे जनप्रतिनिधि होस् चाहे नागरिक होस् । उनले भने 'कसैले आफुलाई सर्वोपरी ठान्छ भने जरिवाना मात्र गरेर हुँदैन राज्यले दिने सुविधाबाट समेत बञ्चित गराउनुपर्छ भन्ने मेरो मान्यता हो ।'

जमिन उत्खनन्को विषयमा अध्ययन गर्न प्राविधिक टोली खटाई सकेको बताउँदै मेयर गुरूङले विधिभन्दा बाहिर छ भने कारबाहीको भागिदार हुनुपर्ने पर्छ भन्दै नगरपालिकाबाट हुने अनुगमनको पाटो कमजोर भएको स्वीकार्दै आजैदेखि अनुगमन कार्यलाई कडा बनाउन अनुगमन समितिलाई आग्रह समेत गरे ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले अवैध जमिन उत्खननका विषयमा आफुहरूलाई कुनै जानकारी नभएको बताए । उनले जानकारी हुनासाथ कारबाही गरिहाल्ने बताउँदै आफुले अनुमति दिएको ठाउँमा स्थानीय पालिकाले अनुगमन प्रभावकारी बनाउनु पर्ने उनको भनाई थियो । प्रमुख वाग्लेले यस विषयमा तत्काल बुझ्न लगाउने बताए ।

त्यस्तै उपमेयर सविता रसाइलीले बुधबार अनुगमनमा जाँदा नियमसंगत नै काम भइरहेकोमा शुक्रबार विहान उद्योगले नियमविपरीत काम गरेको पाइएको स्वीकारिन् । 'अस्ति (बुधबार)जाँदा मापदण्ड अनुसार नै काम भइरहेको थियो', उनले भनिन्, 'शुक्रबार अन्धाधुन्दा काम भएछ, यसबारे जिल्लामा पनि खबर गरेका छौं, दोहोरो छलफलबाट कारबाहीको प्रक्रिया अगाडी बढाउँछौं।'

अनुगमन समिति संयोजक समेत रहेकी उपप्रमुख रसाइलीलाई हामीले अनुगमन प्रभावकारी हुन नसकेको गुनासो छ नि भन्ने प्रश्न गर्दा उनले भनिन्, 'निर्वाचित ६५ जना जनप्रतिनिधिबाट नगरका ७० हजार नागरिकले गर्ने कमिकमजोरीको निग्रानी गर्न सक्ने/नसक्ने सबैले बुझिदिनु पर्छ । अनुगमन समिति भन्दा ठुलो र शक्तिशाली अनुगमन टोली स्वयं स्थानीय नागरिक भएकाले आफ्नो जिम्मेवारी र दायित्व बहन गरिदिनुपर्छ ।'

यता, प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले तत्काललाई काम रोकिएको तर प्राविधिक भने आइतबारमात्रै पठाइने बताए । अहिलेलाई काम गर्न रोकेका छौं। उनले भने 'शुक्रबार जानलाई घाटको सम्झौता गर्न धेरै थियो । राजश्व प्रमुख जान भ्याउनु भएन, एकजना प्राविधिक मात्र जानुभन्दा समिति नै गएर नापजाँच गर्ने कुरा भयो, आइतबार जान्छौ, हामीले दिएको भन्दा धेरै उत्खनन् भएको रहेछ भने कारबाही गर्छौं ।'

शुक्लागण्डकीमा क्रसर उद्योगहरूको दादागिरी पटक पटक प्रदर्शन भइरहेको छ । मापदण्ड तथा बीना इजाजत क्रसर उद्योग संचालन गर्ने, जमिन उत्खनन् गर्ने जस्ता गतिविधि भइरहे पनि प्रहरी प्रशासन लगायत सम्बन्धित सरोकारवाला निकायहरू मुकदर्शक बनेको स्थानीय वासिन्दा बताउँछन्। केही गरी कारबाही भइहाले पनि उत्खनन् गरेको बस्तुभन्दा कम रकम जरिवाना लगाउने गरिदा झनै उत्खननजन्य घट्नाहरू पटक पटक दोहोरी रहेको पाइन्छ ।

## facebook twitter



**करूणा**
twitter.com/karunakcdotel12
हामीले जिन्दगीमा जे पाएका छौ नि यसै धर्तीमा पाएका हौ, जन्मदा मुट्ठी खोलेर थापेको हुन्छौं त जादा जे पाएकरूो छौ सब यहि छाडेर मुट्ठी कसेर जानेछौ नाङ्गै आएका हामी नाङ्गै जान्छौं ।



**मखिया**
witter.com/only_mukhiyaa2
मनोविज्ञानले भन्छ, तपाईं आफूभित्रको अन्तरनिहीत सम्भावनालाई एउटा कोपिला फक्रेझैं फक्रन दिनुस्, जीवनको लक्ष्य त्यही हो अरूजस्तो बन्ने कोशिस नगर्नुस ! अरूको नक्कल गर्नुभयो भने तपाईंको जिन्दगी सकियो तपाईं एक थान हुनुहुन्छ, तपाईं मात्र हुनुहुन्छ।



**फिक्का चिया**
twitter.com/OYTCO
समाजमा एउटा असल ब्याक्तिप्रती जसरी धेरै आलोचना हुने गर्छ ! ठिक त्यसरीनै असलकुरा बिरूद्ध थुप्रै नकारात्मक प्रतिक्रियाको दलाली हुने गर्छ । भाग्य छ भन्दैमा डोकोमा दूध र चाल्नोमा पानी कहिल्यैपनि अडिदैंन "महोदय" यो थेगो केबल अबिस्वास्निय कुरामा बिश्वास दिलाउनकै लागि उपयोग गरिएको हो ।



**सगुन पोखेल**
twitter.com/mr_pokharel
मैले बुझेको जिन्दगी, मान्छेलाई गरिब हुनुको दुख तब लाग्छ जब भोको पेट भर्न पाउदैन, बास, कपास र बिमार हुदा उपचार पाउदैन । यदि कसैले यो भन्दा धेरै इच्छा राख्छ भने त्यो गरिब हैन्न लाल्ची हो ।



**उषा कार्की**
twitter.com/Ushakar45440973
कुनै पनि मान्छे उसको आमाले सोच्ने जति 'असल' हुँदैन । अनि कुनै पनि मान्छे दुनियाँले सोचे जति 'खराब' पनि हुँदैन । आमाले नदेखेको 'खराब' पाटो र दुनियाँले नदेखेको 'असल' पाटोको गोरेटोबाट एक आम मान्छेको जिन्दगी गुज्रिरहेको हुन्छ ।

# भानुमा भुमि सम्वन्धी समस्या समाधान आयोगद्वारा अन्तरक्रिया

♦ **विवि श्रेष्ठ** (भानु)

भुमि सम्बन्धी समस्या समाधान आयोगले जिल्लामा भएको भुमि सम्वन्धी समस्या समाधानका लागि सरोकारवालासँग छलफल गरिएको छ। भानु नगरपालिका–३ का अव्यवस्थित, सुकुम्वासी जग्गा सम्बन्धी सरकोकार पक्षसंग साथ आफुले भोगचलन गरेको जग्गालाई व्यवस्थित गर्न भूमिका खेल्न आग्रह गरे ।

गण्डकी प्रदेशको अन्तर्गत तनहुँको भानु नगरपालिका, देवघाट गाँउपालिका र शुक्ला नगरपालिकामा भुमिको समस्या अत्याधिक रहेको हुँदा पहिलो प्राथमिकतामा राखेर काम गरिने



अन्तरक्रिया गरिएको हो । भुमि सम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय सदस्य एक वहादुर रानाले बिगतमा पनि सरकारले भुमि समस्याका लागि आयोग बनेको तर त्यो प्रतिपक्ष दलका कारण सफल हुन नसकेको तर अहिले गठित आयोग संसदबाट नै अनुमोदित भएको हुँदा अधिकारप्राप्त रहेको बताए ।

छुट जग्गा, अव्यवस्थित जग्गा, भुमिहिनहरूका लागि आयोगले विभिन्न प्रकारको नियमहरू बनाएर काम गरेको हुँदा यसले पूर्णता पाउने विश्वास व्यक्त गर्दै उनले आयोगले आवश्यकताका आधारमा क्षेत्रगत आधारमा भुमिको व्यवस्थापन गर्ने हुँदा ईमान्दारिताका उनले बताए ।

वडा अध्यक्ष दलनारायण श्रेष्ठको अध्यक्षतामा आयोजित बैठकमा नेकपा गण्डकी प्रदेश सदस्य ओम कुमारी पौडेलले जनताको लालपुर्जा पाउने आशा यो सरकारले पुरा गर्ने बताइन् । बिगतमा पनि सरकारले जनतालाई लालपुर्जा दिनका लागि लागेको तर विपक्षीका कारण असफल भएको नेकपा तनहुँका कार्यलय सचिव राजेश्वर ढकालले बताए।

भानु नगरपालिकाको वडा नं. ९, ८, ३ र १ क्षेत्रमा संचालन भएको अन्तरक्रिया कार्यक्रममा जनताहरूले भुमि सम्वन्धि विभिन्न जिज्ञासा राखेका थिए ।

खाना तयार गर्दा सुरक्षित स्वच्छ पानी र कच्चा पदार्थहरूको प्रयोग गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोन: ०६५–५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४